# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

## २०७९

## जोशीपुर गाउँपालिका

### स्वीकृत मिति २०७९/०५/३१

जोशीपुर गाउँपालिका, कैलाली

# १. पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनाले वर्गिय, जातीय, क्षेत्रीय, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा १८ समानताको हकले सामाजिक र सांस्कतिक रुपले पछाडि पारिएका जाती, वर्ग, लिङ्ग, समुदाय तथा पिछडिएको क्षेत्र समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि विशेष प्रावधानहरु सहित थप व्याख्या गरको छ । महिलाको हक सम्वन्धी धारा ३८ ले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । यसैगरी स्वास्थ्य सम्बन्धी हक, बालबालिकको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी महिला, बालबालिका लगायत सीमान्तकृत समुदायको समान तथा सम्मानजनक रूपमा बाँच्न पाउने हक सुनिश्चित गरी कुनै पनि बहानामा हुने विभेद तथा हिंसालाई दण्डनीय बनाएको छ । यसैगरी राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व अन्तरगत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरी सीमान्तकृत तथा अल्पसंख्यक समुदायको पहिचान, सशक्तीकरण, रोजगारी, जीविकोपार्जन लगायतका विषयमा संवैधानिक रूपमा नीतिगत निर्देश गरेको छ ।

संविधानद्वारा प्रदत्त हक तथा अधिकारलाई बिना कुनै अवरोध नागरिकले उपभोग गर्ने वातावरणको सुनिश्चितता गराउनु राज्यको दायित्व हो । संघिय राज्य प्रणाली अनुसार सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नु तीन वटै तहका सरकारको दायित्व हुन आउँछ । यसका लागि तीन वटै तहका सरकारले समाजका विभिन्न वर्ग, लिङ्ग, क्षेत्रबीच रहेको सबै किसिमको असमानता, विभेदकारी सोच र संरचनालाई रूपान्तरण गर्दै समानतामुलक, लैङ्गिक समानता र समावेशीकरण मैत्री संरचना निर्माण गर्न आवश्यक रहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विद्यमान चुनौती तथा अवसरहरूको आधारमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न तथा समावेशी विकासलाई प्रवर्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले स्थानीय तहमा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनुपर्ने भनी उल्लेख गरेको छ । यसर्थ लैङ्गिक उत्तरदायी समावेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप समुदायका सीमान्तकृत वर्ग, महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित/प्रभावितहरुको निर्णय प्रक्रियामा सम्मानजनक तथा

समान सहभागीता हुने वातावरण निर्माण गर्न र गाउँपालिकाले बनाउने वार्षिक नीति तथा कार्यक्रम, बजेट विनियोजन, गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) पद्धतीलाई मुलप्रवाहीकरण र संस्थागत गरी समावेशी विकासलाई प्रवर्धन गर्न "जोशीपुर गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९" तर्जुमा गरिएको छ ।

## २. वर्तमान अवस्था

जोशीपुर गाउँपालिका सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको क्षेत्र नं १ मा पर्दछ । यो गाउँपालिकामा साविकका जोशीपुर र बौनिया गरी २ ओटा गा.वि.स .समाबेश गरी ७ ओटा वडा कायम गरिएको छ । कैलाली जिल्लाको दक्षिण भागमा अवश्थित यो गाउँपालिकाको पूर्वमा लम्की चुहा र टीकापुर नगरपालिका र जानकी गाउँपालिका रहेका छन् भने पश्चिममा घोडाघोडी नगरपालिका र भजनी नगरपालिका रहेका छन् । यसै गरि उत्तरमा बर्दगोरिया गाउँपालिका तथा दक्षिणमा भजनी नगरपालिका संग जोडीएको छ । यो गाउँपालिकाको कुल क्षेत्रफुल ६५.५७ वर्ग कि.मि .रहेको छ । जिल्ला सदरमुकाम देखि १०० कि.मि .दुरीमा रहेको यो गाउँपालिका अन्न तथा धान बालीको उत्पादनको लागि कैलाली जिल्लाको राम्रो गाउँपालिकामा पर्दछ । समुद्रसतह बाट न्युनतम १४८ मिटर देखि अधिकतम १६२ मिटर उचाई संम्म भू- धरातल रहेको यस गाउँपालिकाको लगभग आधा भू- भाग वन क्षेत्र तथा बुट्यानले भरिएको पाइन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ३६४५९ रहेको छ । जसमध्ये १८६२५ महिलाको संख्या छ भने १७८३४ पुरुष रहेका छन् । मुख्य जातिका रुपमा थारु ,क्षेत्रि ,ब्राम्हण तथा दलितहरुको बसोबास रहेको पाइन्छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा गाउँपालिकाले विगत वर्षदेखि नै केही कार्यहरु गरिरहेको छ । पालिकाले अपाङ्गता भएका व्यक्ति, दलित, अल्पसंख्यक, द्वन्द्व प्रभावित, एकल महिला लगायत सामाजिक सुरक्षाले सम्बोधन गर्नुपर्ने व्यक्तिहरुको लगत तयार गरि अद्यावधिक गरेको छ । नेपाल सरकारले यससम्बन्धी बनाएका नीति तथा कार्ययोजना र आवधिक योजनाहरूका आधारमा उपलब्ध गराइनु पर्ने सेवासुविधाहरू व्यवस्थित रूपमा प्रदान गर्न आवश्यक नियमावली तथा निर्देशिकाहरु पालिकाले जारी गरेको छ । गाउँपालिकाले पछाडी पारिएका वर्गको आयआर्जनमा सघाउन घरेलु तथा साना व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिमहरू संचालन गरेको छ । पालिकाले अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, विधवा तथा एकल महिलाहरूले नेपाल सरकारले दिने सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुका साथै अन्य सेवा तथा सहयोगका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । आगामी दिनमा न्योचित ढङ्गबाट आवश्यकता पहिचान गरी समावेशी प्रकृयाबाट योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । हाल गर्भवती तथा सुत्केरी महिलाको लागि पोषण कार्यक्रम संचालन गरेको छ गरिरहेको भएता पनि स्वास्थ्य तथा पोषण अवस्था सुधारका लागी पुरुषहरुको संलग्नता भने न्यून देखिन्छ । खासगरी बालबालिकाको स्याहार सुसार, घरायसी कार्य, स्वास्थ्य सेवा परामर्शमा सहभागिता लगायत अन्य क्षेत्रमा पुरुषहरुको सहभागीता न्यून देखिन्छ । यसका अलावा हिंसा प्रभावितहरुलाई गाउँपालिकाको न्यायिक समितिले न्यायिक निरुपण गरि सहयोग गरिरहेको छ । लैङ्गिक हिंसालाई सम्बोधन गर्न जिल्लामा २ वटा एकद्वार संकट व्यवस्थापन केन्द्र सचालन भई सेवा प्रवाह भैरहेको छ । न्यायिक समितिमा आएका लैङ्गिक हिंसाका घटनाहरुलाई आवश्यकता अनुसारको सेवा,

प्रवाहका लागि रेफर गर्न प्रभावकारी संयन्त्रको विकास गरिएको छ । यसैगरी गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच र उपभोग सुनिश्चित का लागी प्रसुति सेवा घर भेट कार्यक्रम संचालन गर्ने, स्वयम सेबिकाहरुलाई प्रोत्साहन भत्ता लगाएतका कार्यहरु गरेको छ ।

## ३. समस्या, चुनौती र अवसर

समस्या

- विभिन्न समाजिक, सास्कृतिक मुल्यमान्यताहरु जस्तै छोरा र छोरीबीच लैङ्गिक विभेद, जातीय छुवाछुत, छाउपडी, बाल विवाह, बहुविवाह, घरेलु हिंसा, यौनजन्य हिंसा, बोक्सी आरोप, मानव बेचबिखन तथा ओसारपसार, आत्महत्या, असमान ज्याला, मद्यपानको अत्यधिक प्रयोग, वेरोजगारीको अवस्था रहनु ।
- सिमान्तकृत तथा विपन्न वर्गका महिला र किशोरहरूको शिक्षा, पोषण तथा स्वास्थ्यमा पहुँच न्यून, बच्चामा कुपोषण, महिलाहरुमा रक्त अल्पताको अवस्था हुनु ।
- गाउँपालिकामा विपन्न वर्ग, अपाङ्गता, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, नागरिकताबहिनहरुको पूर्णरुपमा तथ्याङ्कको व्यवस्था नहुनु ।
- घरेलु तथा लैङ्गिक हिंसा र पारिवारिक तनावका कारण बालबालिकाहरुको शारिरीक, मानसिक, सामाजिक, संवेगात्मक विकासमा असर पुग्नु।
- बिद्यालय तथा सार्वजानिक संरचनाहरु वालवालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री नहुनु ।
- गाउँपालिकामा एउटा पनि क्याम्पस नहुँदा उच्च शिक्षाका लागि छिमेकी पालिका वा जिल्लामा जानुपर्ने बाध्यताले विपन्न समुदायको गुणस्तरीय तथा उच्च शिक्षामा पहुँच न्यून हुनु।
- महिलाहरुको राजनीतिक तथा सामाजिक जीवनको निर्णायक भूमिकालाई स्वीकार गर्न नसकिनु ।
- गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल मुलप्रवाहीकरण नहुनु तथा गठन हुने समिति र संरचनामा समावेशीकरणको भावना समेटन नसक्नु ।

चुनौती

- समाजमा महिला तथा दलितलाई हेर्ने परम्परागत विभेदकारी दृष्टिकोण तथा पितृसत्तात्मक सोचका कारण सामाजिक र राजनीतिक क्षेत्रका सार्वजनिक ओहदामा उनीहरुको भूमिकालाई सुनिश्चित गरी नेतृत्व विकास गर्नु ।

- महिला तथा सीमान्तकृत समुदयको स्वास्थ्य शिक्षा, रोजगारी लगायत स्थानीय स्रोत साधानमाथिको पहुँच पुर्याउनु ।
- लैङ्गिक समानता तथा समावेशीकरणको अवधारणालाई मूलप्रवाहिकरण गरी सामाजिक रूपान्तरण गर्नु र लैङ्गिक उत्तरदायी शासन व्यवस्था स्थापित गर्नु ।
- महिला, बालिका तथा किशोरीमाथिको घरेलु तथा यौनजन्य हिंसाका कारण हुने हत्या, तथा आत्महत्याका घटनाहरू अन्त्य गर्नु ।

अवसरः

- नेपालको संविधान,, स्थानीय सरकार संचालन ऐनका साथै स्थानीय सरकार आफैले नीति तथा कानुन निर्माण गर्ने अधिकार हुनु ।
- संघीय तथा प्रदेश सरकारको लैङ्गिक तथा समावेशीकरण मैत्री बजेट तथा कार्यक्रम अनुरुप गाउँपालिकालाई नीति तथा कानुन बनाउन अवसरहरु प्रदान गरेको छ ।
- लैङ्गिक तथा जातीय विभेद, हिंसा विरुद्ध समाजमा सङ्गठित रूपमा आवाज उठ्नु तथा महिला तथा सीमान्तकृत समुदायहरू विभिन्न समूह, संस्था, सञ्जालमा सङ्गठित भई आफ्ना हक अधिकार सुनिश्चितताका लागि अभियानरत रहेनु ।
- गाउँपालिकामा एफ. एम. सञ्चालन, पत्रिका प्रकाशन भई सार्वजनिक सूचना लगायत पालिकाका गतिविधिहरु समुदायमा सम्प्रेषण हुनु ।
- सामाजिक सशक्तिकरणका लागि महिला, युवा, सहकारी, कृषक, उद्यमी,ज्येष्ठ नागरिक, आमा समूह लगायतका संगठित समूहले परिणाममुखी काम गर्नका लागि वातावरण सहज हुनु।
- गाउँपालिकाले हाल सम्म १५ वटा ऐन कानुन, कार्यबिधि तथा निर्देशिका निर्माण गरि कार्यान्वयनमा ल्याइसकेको छ । गाउँपालिकामा ६ वटा स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयम सेबिका, १० गाउँघर किलनिक र सामुदायिक विद्यालयहरु रहेका छन् । यी पूर्वाधारहरु आगामी दिनको विकासका लागि महत्वपूर्ण अवसरको रुपमा रहेको देखिन्छ ।
- न्यायिक समिति, वडास्तरको मेलमिलाप समिति सामाजिक न्याय कायम गर्न क्रियाशील रहनु ।

## ४. नीतिको आवश्यकता

व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याइ दिगो विकास गर्न यो नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ । नीति ल्याउनुपर्ने अन्य कारणहरु

- सामाजिक न्याय र समावेशीकरण सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राज्य नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी विभिन्न कानुनी प्रावधानहरुलाई नीति लाई स्थानीय तहमा कार्यान्वयन गर्ने आधार तयार गर्न ।

- राज्यका सबै संरचनाहरूमा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको उचित प्रतिनिधित्व गराउन, नीतिनिर्माण तहसम्म पहुँच बढाउन र सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा समाहित गरी समावेशी राज्य व्यवस्था कायम गर्न ।
- विद्यमान सामाजिक असमानता र बञ्चितीकरणका कारण सामाजिक विकासका सूचकहरूमा भएको कमजोर अवस्थाका साथै सामाजिक, आर्थिक एवम् प्रशासनिक क्षेत्रमा रहेको असमान पहुँचको अवस्थाको पहिचान लैङ्गिक, जातीय, क्षेत्रीय, सामाजिक तथा आर्थिक विभेदको अन्त्य गर्न ।
- यस सम्बन्धी दिगो विकास लक्ष्यका लक्ष्य हासिल गर्न ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्दै लैङ्गिक उत्तरदायी शासन पद्धतिको संस्थागत रूपमा विकास गर्न ।

## ५. दीर्घकालीन सोच

सामाजिक विभेदको अन्त्य गरी सामाजिक न्याय सहितको समतामूलक र समृध गाउँपालिका निर्माण ।

## ६. लक्ष्य

लैङ्गिक तथा समाजिक समाबेशीकरण उत्तरदायी सस्थागत संरचना र कर्यनीति मार्फत समाजका हानीकारक परम्परागत अभ्यासको अन्त्य भई महिला, किशोरी तथा सीमान्तकृत समुदायको सशक्तिकरण बाट लैङ्गिक समानता र समावेशी समाजको निमाण गर्ने ।

## ७. उद्देश्य

- लैङ्गिक तथा जातीय विभेद, हिंसा, शोषण तथा विभेदकारी अभ्यासहरुको अन्त्य गर्ने,
- महिला तथा सीमान्तकृत समुदायको समाजिक, आर्थिक सशक्तीकरण, सामाजिक संरचनागत रुपान्तरण
- समानता र समावेशी मूल्य मान्यतामा आधारित योजना, कार्यक्रम निर्माण तथा कार्यान्वयनको सुनिश्चितता गरी लैङ्गिक उत्तरदायी शासन पद्धतीको संस्थागत विकास गर्नु ।

## ८. नीति तथा रणनीति/कार्यनीतिहरु

नीति १. गाउँपालिकाले निर्माण गर्ने सम्पूर्ण नीति रणनिति,योजना तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्दै गाउँपालिकाको कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी बनाउने

*रणनीति/ कार्यनीति*

१.१ गाउँपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याउने

१.२ लैङ्गिक दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेफी रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखा परिक्षण (social audit) तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने

१.३ गाउँपालिकालाई प्रविधिमैत्री बनाई खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी गाउँपालिकाले निर्माण गर्ने सम्पूर्ण योजना तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तमा कार्य गरेको सुनिश्चितता गर्ने ।

१.४ लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिङ्क अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ,

१.५ गाउँपालिकाको योजना तथा बिषयगत कार्यक्रममा लैससास मुलप्रवाहीकरण गर्न महिला तथा बालबालिका सम्पर्क व्यक्तिको क्षमता अभिबृधि गर्ने

१.६ गाउँपालिकाको जानकारी सम्प्रेषण गर्दा लक्षित समुदायले बुझने गरी उनिहरुको मातृ भाषामा सम्प्रेषण गर्ने

१.७ गाउँपालिका र वडा तहमा नियमितरुपमा सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदाय को उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन सुचित गर्ने

१.८ गाउँपालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गर्ने ।

१.९ गाउँपालिकाले योजना बनाउँदा सम्बन्धित समुदायसँग छलफल गरि उनीहरुको आवश्यकतामा आधारित योजना बनाउने । यस्ता कार्यमा गाउँपालिकामा कार्यक्षेत्र बनाई काम गरिरहेका विकास साझेदारहरूलाई समेत परिचालन गर्ने ।

१.१० समुदायका हरेक व्यक्तिहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको बारेमा सुसुचित गरी गाउँपालिकास्तरीय सबै सामाजिक संघ संस्था, विद्यालय व्यवस्थापन समिति, टोल विकास संस्था, उपभोक्ता समिति, राजनीतिक कमिटी आदिमा महिला तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता तथा नेतृत्वदायी भूमिकालाई सुनिश्चित गर्ने ।

नीति २. लक्षित वर्ग (महिला, दलित, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वप्रभावित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, मुक्त कमैया, वादी समुदाय लगायत सीमान्तकृत समूह) को नेतृत्वदायी भूमिकालाई

प्रवर्धन गर्न योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

*रणनीति/ कार्यनीति*

२.१. स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तरवाट नै लक्षित समुदायको अर्थपुर्ण सहभागीता गराउन, उनिहरुको नेतृत्व विकास, सवाल पहिचान, अभियान सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने ।

२.२. गाउँपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयवस्तुहरुको जानकारी लक्षित समुदाय मैत्री भाषा तथा सन्चारका माध्यमवाट सम्प्रेषण गर्ने ।

२.३. गाउँपालिकामा निर्माण हुने भौतिक संरचनालाई लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा जेष्ठ नागरिकमैत्री बनाई सो अनुसारको सेवा सुविधाको सुनिश्चितता गर्ने ।

२.४. गाउँपालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गर्ने

२.५. गाउँपालिकाबाट सन्चालीत योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यक्तिहरुको सहभागिता र लाभमा खण्डिकृत तथ्याङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधीक गर्ने

२.६ सार्वजानिक क्षेत्र, नीजि कम्पनी तथा वित्तीय संस्था लगायत गाउँपालिका आफू र आफू मातहतका निकायहरूमा हुने नियुक्तिमा कम्तीमा ५० प्रतिशत नियुक्ति लैङ्गिक तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व गराउन आवश्यक प्रवन्ध गर्ने ।

२.७ गाउँपालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चित गर्ने

२.८ गाउँपालिकाका सबै जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जवाफदेही संयन्त्रका बारेमा क्षमता विकास गर्ने ।

२.९ गाउँपालिकाकाले प्रदान गर्ने वजेट सिलिङमा नै लक्षित समुदायका लागी वजेट विनियोजनको ब्यबस्था गर्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हासिल गर्न सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई सुदृढ गर्ने ।

नीति ३. गाउँपालिकामा विद्यमान हानिकारक सामाजिक मूल्यमान्यताको अन्त्य गर्दै, सबै प्रकारको लैङ्गिक तथा जातीय विभेद र लैङ्गिक हिंसा अन्त्य गरी सुपोषित र स्वस्थ्य गाउँपालिका निर्माण गरिनेछ ।

*रणनीति/ कार्यनीति*

३.१. समुदाय तथा परिवारमा हुने घरेलु हिंसा, लैङ्गिक हिंसा, छोरा र छोरी बीचमा गरिने विभेद जस्ता हानीकारक सोच तथा व्यवहारहरुलाई निरुत्साहित गर्न हरेक घर सुरक्षित घर अभियान संचालन गर्ने ।

३.२: बाल विवाह बिरुद्धको राष्ट्रिय रणनीति कार्यान्वयनका लागि गाउँपालिकाले सबै सरोकारवालाहरुसँगको सहकार्य गरि साझा कार्ययोजना निर्माण गरि वाल विवाह मुक्त गाउँपालिका घोषण गरिनेछ ।

३.३. विवाह मुक्त, लैङ्गिक विभेद, हिंसा तथा जातीय छुवाछुत लगाएत सबै किसिमका छुवाछुत मुक्त गाउँपालिका घोषणा गर्न सूचक तयार गर्ने र सूचकको आधारमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

३.४. बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालय तथा समुदायमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने । विद्यालयमा किशोर तथा किशोरीहरुका लागि यौन तथा प्रजनन् स्वास्थ्य र महिनावारी स्वच्छता सम्बन्धी जानकारी दिन नियमित रुपमा कक्षा सञ्चालन गर्ने ।

३.५ सामुदायिक संघसंस्था, युवा, किशोरकिशोरी, निगरानी समूहहरू गठन तथा सुदृढीकरण गरी लैङ्गिक तथा जातीय विभेद र हिंसा नियन्त्रणका लागि विभिन्न संघसंस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने

३.६. हानीकारक परम्परागत अभ्यास, परम्परागत लैङ्गिक भूमिका र सामाजिक मान्यताहरु परिवर्तन गर्न किशाोर तथा पुरुषहरुलाइ सम्लग्न गरी अभियान संचालन गर्ने र पुरुषहरुलाइ पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभियन्ता सम्बन्धि तालिम दिई हानिकारक सामाजिक मूल्यमान्यताका परिवर्तन गर्न परिचालन गर्ने ।

३.७. विद्यालयमा लैङ्गिक संवेदनशील, पक्षपातरहित शिक्षालाई सुनिश्चित गर्ने वातावरण निर्माणका लागि आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयन गर्ने । गाउँपालिकाका स्वास्थ्य संस्थाबाट किशोर किशोरी मैत्री स्वास्थ्य सेवा प्रदान गर्न सुनिश्चितता गर्ने ।

३.८. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायहरूद्वारा गाउँपालिकाका सबै वडा तथा टोलहरूमा लैङ्गिक हिंसा निवारण तथा हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य गर्न सामाजिक अभियानहरू सञ्चालन गर्ने।

३.९. लैङ्गिक हिंसा प्रभावितहरूको न्यायमा पहुँच अभिवृद्धि गर्न सुरक्षाबास गृहको व्यवस्था गरि, आवश्यक सहयोग (उद्दार, मनोविमर्श, स्वास्थ्य उपचार, कानुनी उपचार र राहत कोष, पुर्नस्थापना सेवा) को व्यवस्था सहित आवश्यक कार्यविधि निर्माण गरी द्रूत न्याय प्रणालीलाई संस्थागत गर्ने ।

३.१०. न्यायिक समितिलाई साधन स्रोतसम्पन्न बनाई जनप्रतिनिधि तथा मेलमिलापकर्ताहरुलाई लैङ्गिक विभेद र हिंसा सम्बन्धी कानुनी व्यवस्था तथा कानुबारेमा क्षमता विकास गर्ने ।

३.११. हिंसा, महामारी तथा विभिन्न रोगहरूको प्रभावबाट मानसिक स्वास्थ्यमा असर पुगेका व्यक्ति, परिवार तथा समुदायलाई केन्द्रित गरी समुदायस्तर देखि नै मनोसामाजिक स्वास्थ्य परामर्श कार्यक्रम सञ्चालन गर्न सबै वडा तथा स्वास्थ्य संस्थामा मनोविमर्श सेवालाई विस्तार गर्ने ।

३.१२. महिला,किशाोरी तथा सीमान्तकृत समुदायको शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच बढाउन शिक्षा तथा स्वास्थ्य सेवालाइ निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउने । विद्यालयमा समतामुलक छात्रवृत्ती कार्यक्रमलाई प्रभावकारी बनाउने ।

३.१३. विपन्न घरपरिवारको पोषण सुधार कार्यक्रमका लागि बजेट सहित कार्ययोजना निर्माण गर्ने साथै सामुदायिक विद्यालयहरुमा दिवा खाजाको व्यवस्था गर्ने र विद्यालयमा प्रत्येक ६ महिनामा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने ।

नीति ४. महिला तथा सीमान्तकृत समुदायको स्रोत साधन माथिको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी स्वरोजगार, रोजगारी र उद्यमशीलताको प्रवर्धन गरी आत्मनिर्भर बनाउने ।

*रणनीति/कार्यनीति*

४.१ महिला, मुक्त कम्लरी, अपाङ्गता भएका व्यक्ति, दलित, तथा विपन्न समुदायका व्यक्तिहरूको आर्थिक सशक्तीकरण, नेतृत्व विकास, तथा आत्मनिर्भरताका लागि बजार सर्वेक्षणको आधारमा सीप तथा क्षमता अभिवृद्धि गर्ने गतिविधि सञ्चालन गर्ने ।

४.२. बहुविभेदमा परेका महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व प्रभावित, कम्लरी, युवा, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको आत्मनिर्भरताको लागि उनीहरुसँग भएको सीप तथा स्थानीय सीप र ज्ञानलाई आर्थिक विकास तथा रोजगारीको पूर्वाधारको रूपमा लिई तिनको गुणस्तरीयता र व्यवसायिकताका लागि दक्ष मानवस्रोत निर्माण गर्न यस्ता समुहको अगुवाइमा साना उद्योग तथा व्यवसाय प्रवर्धन तथा बजारीकरण गर्ने ।

४.३. सामाजिक तथा आर्थिक रूपमा सीमान्तकृत समूह/समुदायका लागि निःशुल्क रुपमा विभिन्न सीपमूलक तालिम संचालन गर्ने तालिम पश्चात सामग्री खरिदका लागि पूर्ण तथा ५० प्रतिशत सम्म रकम अनुदान सहयोग गर्ने ।

४.४. "उद्यममा महिला विकासमा पहिला" नाराका साथ एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरी गाउँपालिकाले एकीकृत बजारीकरणको व्यवस्थापनका लागि भौतिक, आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।

४.५. विकासमा युवाहरुको रचनात्मक नेतृत्व तथा आत्मनिर्भरताका लागि युवा सम्बन्धी विशेष कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने ।

४. ६. कृषिको विकासको लागि क्षेत्र तोक्ने र कृषि उत्पादन कृषि र लघुउद्यममा सहुलियत ऋणको व्यवस्था गर्ने । गाउँपालिकाको कृषि अनुदान कार्यक्रमको प्रभावकारीताको लागि महिला कृषक प्रवर्धन तथा उद्यमशीलता प्रवर्धन र बजारीकरण गर्ने·।

४. ७. प्राविधिक शिक्षालयहरूसँगको समन्वय तथा सहकार्यमा हरेक वडामा कृषि तथा पशु प्राविधिक जनशक्ती तयार गर्ने ।

४. ८. वैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरू तथा वैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुर्नउत्पादनमूलक बनाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

नीति ५ . विपद् तथा महामारीका समयमा महिला, गर्भवती, सुत्केरी, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूका बिशेष आवश्यकता र सो समयमा हुनसक्ने लैङ्गिक विभेद, हिंसा, स्वास्थ्य, पोषणका सवाल सम्बोधनका लागि कार्ययोजना निर्माण गर्ने ।

*रणनीति/कार्यनीति*

५.१. विपद तथा प्रकोपको समयमा बढी प्रभावित क्षेत्रका समुदायको नक्सांकन गरी जोखिमको अवस्थाको मापन सहित पूर्व तयारीका लागि बजेट सहित योजना निर्माण गर्ने ।

५.२. विपद् तथा अन्य समयमा जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित, जेष्ठ नागरिकहरूको अधिकार सुनिश्चितताका लागि गाउँपालिकास्तरीय संरक्षण समिति गठन गर्ने साथै विपद् तथा प्रकोप प्रभावितको सवालहरू तत्काल सम्बोधन तथा व्यवस्थापन गर्ने ।

५.३. विपद्को समयमा विशेष जोखिममा रहने किशोरी, महिला, गर्भवती, सुत्केरी, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य सिमान्तकृत समुदायहरुलाई केन्द्रमा राखेर संघ, प्रदेश, नीजि क्षेत्र र गैरसरकारी संघसंस्थासँगको सहयोग तथा सहकार्य गरी सेवा तथा राहतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

५.४. विपद् तथा जोखिमको अवस्थामा समुदायमा पर्ने मनोसामाजिक सवालको सम्बोधनका लागि मनोसामाजिक परामर्श/मनोविमर्श सेवालाई अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गर्ने ।

५.५. प्रभावितको आवश्यक सहयोग तथा संरक्षणका लागि प्रभावितहरूको खण्डिकृत तथ्याङ्क संकलन सहित तत्काल सेवा प्रवाहका लागि सम्प्रेषण ढाँचा निर्माण गरी सबै सरोकारवालाहरुको सहकार्यमा सहयोग गर्ने वातावरण सुनिश्चित गर्ने ।

## ९. नीति कार्यान्वयन

नीति कार्यान्वयनका लागि देहाय बमोजिको व्यवस्था गरिनेछः

१. नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व गाउँपालिकास्तरीय समितिका प्रमुख र सदस्यहरूको हुनेछ ।

२. नीतिलाई कार्यान्वयन गर्न गाउँसभाका निर्वाचित सबै जनप्रतिनिधिहरू, वडा, टोलस्तरीय समितिका सदस्यहरू लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ । साथै विभिन्न समिति तथा समूहहरूलाई क्रियाशील बनाउन गाउँपालिकास्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।

३. नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिवृद्धि गरिनेछ ।

४. नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार विस्तृत रूपमा कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।

## १०. आर्थिक व्यवस्था

नीति कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गाउँपालिकाले गर्नेछ । यसको लागि संघ र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ । नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिकाको निर्माण, दक्ष जनशक्तिको आपूर्ति जस्ता विविध कार्यहरूका लागि अनुमानित स्रोत साधनबारे गाउँपालिकाको विषयगत समितिहरूमा छलफल गरि लैङ्गिक उत्तरदायी बजेटको अवधारणा अनुरुप अनुमान गरि सो बमोजिम कार्ययोजना निर्माण गरिनेछ । कार्ययोजना कार्यान्वयनका लागि गाउँपालिकाले आन्तरिक तथा बाह्य स्रोत समेत परिचालन गर्न आवश्यक हुनेछ ।

## ११. कानूनी व्यवस्था

नीतिलाई गाउँसभा तथा कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याइनेछ । नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुन, नियमावली तथा कार्यविधि र कार्ययोजनातर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## १२. नीति कार्यान्वयन तथा अनुगमन

नीतिको कार्यान्वयन अवस्था अध्ययन तथा समीक्षाका लागि नियमित अनुगमन गर्ने व्यवस्थाका लागि गाउँपालिकास्तरीय र वडास्तरीय समितिहरु गठन गरी उक्त समितिले आफ्नो कार्यक्षेत्र बमोजिमका कार्य तथा जिम्मेवारी उत्तरदयित्वपूर्ण ढङ्गले निर्वाह गर्नेछन् । नीतिको कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको र यसबाट परेको प्रभाव बारे आवधिक रूपमा मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको सामाजिक विकास समितिको समन्वयमा गरिनेछ।

कार्यान्वयन तथा अनुगमन समिति

गाउँपालिका स्तरीय समितिः

- गाउँपालिका अध्यक्षः — संयोजक
- गाउँपालिकाको उपाध्यक्षः — सदस्य
- कार्यपालिकाका — सदस्यहरु
- प्रमुख प्रशासकीय अधिकृत, — सदस्य
- कार्यपालिकाका सदस्यहरु मध्ये १ जना महिला सहित २ जना — सदस्य
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने बिषय विज्ञ तथा संघ संस्थाका प्रतिनीधि (गाउँकार्यपालिका वा अध्यक्षले मनोनयन गरेका) २ जना (एक जना महिला सहित) — सदस्य
- गाउँपालिकाको सम्बन्धीत बिषयतगत शाखाको प्रमुख, — सदस्य सचिव

वडास्तरीय समिति

- वडाको वडा अध्यक्षः — संयोजक

- वडाको वडा सदस्यहरु ः सदस्य

- सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरु ः सदस्य

- वडाको वडा सचिव ः सदस्य सचिव

## १३. गाउँपालिका/वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार

१. महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

२. लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा गाउँसभा समक्ष सिफारिस गर्ने ।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको हक हितको संरक्षण र सम्वर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँसभा समक्ष सिफारिस गर्ने,

५. सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

६. गाउँपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धीत अन्तराष्ट्रिय सन्धी, संझौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यन्वयन गर्ने गराउने ।

८. गाउँपालिका क्षेत्र भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्वन्धि काम गर्ने संघ-संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

## १४. जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरु

| संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|
| यो नीति सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूमा साझा बुझाइमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना । | नेतृत्व तथा सरोकारवालाहरूको साझा बुझाइमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने । |
| पितृसत्तात्मक सोच हाबी रहेको सन्दर्भमा यस नीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाइका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ । | जननिर्वाचित महिला सदस्यहरू यो नीति कार्यन्वयन गर्नको लागि पूर्ण रूपमा प्रतिबद्ध भई कार्य गर्ने । |
| सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता नहुँदा यस नीतिको कार्यान्वयन तथा अनुगमन सही ढङ्गबाट नहुन सक्छ । | गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वयनका लागि प्रोत्साहन गर्ने र सम्बन्धीत कार्यहरूको नियमित समीक्षा गर्ने । |
| नीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छा शक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाइ हुने सम्भावना रहन्छ | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई नीति कार्यान्वयनका लागि प्रतिबद्ध गराउने । |
| नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तीय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ । | संघ, प्रदेश र स्थानीय तहबाट जारी भएका लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरु सम्बन्धमा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने |
| समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ | बहुपक्षीय सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्य बढाउने । |

## १५. नीतिका अपेक्षित उपलब्धिहरु

यस नीतिलाई गाउँपालिकाले आफ्ना कार्यक्रमहरु मार्फत कार्यान्वयन गरेमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा निम्न उपलब्धीहरु हासिल गर्न सक्नेछ ः

- गाँउपालिकाको नीति, कार्यक्रम, बजेट तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछ ।
- समाजमा रहेको परम्परागत हानीकारक सोच तथा अभ्यासहरुको अन्त्य भई समानता र समावेशी समाज निर्माणमा सहयोग पुग्नेछ ।
- गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई पछाडी परेका वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको श्रृजना हुने छ ।
- सेवा प्रदायक, सरोकारवाला, सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्य शैली हुनेछ ।
- स्थानीय निकाय स्वमूल्यांकनमा गाउँपालिकाका सामाजिक गतिविधिहरुलाई व्यवस्थित र नियमन गरी गाउँपालिकाको स्तरीकरण हुनेछ ।
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्वन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धता, संघिय र प्रदेश सरकारका गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा हुने छ ।

## १६. नीतिको पुनरावलोकन तथा सुधार

नीतिको कार्यान्वयनको प्रभावकारिताको समीक्षा, प्रत्येक वर्ष गरिनेछ।नीतिको समग्र कार्यान्वयन अवस्था, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी पाँच वर्षमा नीतिमा समसामयिकक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ ।

## १७. खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म सम्बन्धित कानुन बमोजिम नै हुनेछ ।

## अनुसुची १: नीति निर्माण प्रक्रिया

जोशीपुर गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गर्न कार्यपालिकाले आ। व। २०७८र ७९को योजनामा बजेट सहित समाबेश गरी पारित गरेको थियो। सुआहारा कार्यक्रम तथा फाया नेपाल कैलाली संगको सहकार्य र प्राबिधिक सहयोगमा यो नीति तयार भएको हो। यस क्रममा पहिलो चरणमा एकदिने कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा गाउँपालिका कार्यपालिकाको सदस्यहरू, वडा सदस्यहरू, गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत विषयगत शाखाका कर्मचारीहरू, बडा अध्यक्षहरू, महिला जनप्रतिनिधिहरू, अगुवा महिला, युवा, अपाङ्गता अधिकारमा काम गर्ने संस्थाका प्रतिनिधि, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको प्रतिनिधित्व सहित अधिकारकर्मीहरूको सहभागिता घनीभूत रूपमा छलफल गरिएको थियो । छलफलबाट आएका कुराहरूलाई यो नीति निर्माण गर्ने क्रममा मुख्य आधार बनाइएको छ । यसै गरी नीति निर्माण कार्यलाई प्रभावकारी बनाउन वार्ड अध्यक्षको संयोजकत्वमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा युवाहरूको प्रतिनिधित्वमा गाउँपालिका स्तरीय कार्य समूह गठन गरी कार्य गरिएको छ । यस परामर्श गोष्ठिमा २८ माहिला र २२ पुरुष गरि ५० जनाको सहभागिता रहेको थियो । यसैगरी गाउँपालिका स्तरीय कार्य समूह र गाउँपालिकाको सामाजिक शाखाको सहयोगमा पालिकाको ६ वटै वार्डमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण प्रकृयामा समुदायको सम्लग्नता सहित समस्या पहिचान तथा सम्बोधनका लागि सुझाव तथा अपेक्षालाई समावेश गर्न वडास्तरीय महिला संजाल, अपाङ्गता भएका व्यक्ति, वाल तथा किशोर किशोरी क्लब, दलित तथा सीमान्तकृत समुदाय, कृषक समूहहरुको प्रतिनिधीमूलक सहभागितामा समूह केन्द्रित छलफल गरि सुझाब संकलन गरेको छ ।

यसैगरी गाउँपालिकाका महत्त्वपूर्ण दस्तावेजहरू वार्षिक योजना, नीति, निर्देशिका, कार्यविधि, कार्यक्रम, प्रतिवेदन, गा।पा।को पाश्र्वचित्रहरुको गाउँपालिकाको आधिकारिक वेभसाइटमा उपलब्ध को अध्ययन गरी आवश्यक सूचनाहरूलाई लिइएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नेपाल सरकारद्वारा अनुमोदन गरिएका मानव अधिकार सम्बन्धी दस्तावेजहरूको अध्ययन, संघीय सरकार तथा प्रदेश सरकारद्रारा तयार गरिएका ऐन, कानून, कार्यविधि, नीति, रणनीति, योजनासँगै दिगो विकास लक्ष्य, मानव विकास प्रतिवेदन लगायतका दस्तावेज़हरूको अध्ययन, विभिन्न स्रोतबाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै नीतिको खाका तयार गरिएको छ । तयार भएको खाकालाई गाउँपालिका स्तरीय कार्य समूह, सहयोगी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूबीच छलफल गरी सुझाव संकलन गरिएको छ । माथि उल्लेख भएबमोजिमका विधिद्वारा तयार पारिएको नीति तथा कार्ययोजना बारे गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी नीतिको मस्यौदालाई अन्तिम रूप दिइएको छ ।

आज्ञाले,

...........

श्री धर्म राज खत्री

प्रमुख प्रशासकिय अधिकृत

जोशीपुर गाउँपालिकाको

**धर्मराज खत्री**

**प्रमुख प्रशासकीय अधिकृत**